# लेखापरीक्षण प्रतिवेदन

## ढकारी गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# ढकारी गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-२-५

च.न :APPROVED/FAR/2081-82/LOC/797

श्रीमान् अध्यक्षज्यू,
ढकारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, अछाम।

**बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/797

श्रीमान् अध्यक्षज्यू ,

ढकारी गाँउपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,अछाम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रू. १ अर्ब ५ करोड २२ लाख ३० हजारको लेखापरीक्षणबाट रू.२ करोड २ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रू. ७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू. ८२ लाख ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२१ लाख २६ हजार, नियमित गर्नुपर्ने रू.८३ लाख ८३ हजार र पेश्की बाँकी रू. १४ लाख २५ हजार गरी जम्मा रू. २ करोड २ लाख ३२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू. १८ करोड १५ लाख ७३ हजारमा यो वर्ष सम्परीक्षण भएको १ लाख १२ हजार घटाइ बाँकी बेरुजुमा यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रू. २० करोड १६ लाख ९४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन [illegible]

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभुत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ६५ | २,०२,३८,५२४ | ० | १ | ६,५०९ | ० | ५५ | ६४ | २,०२,३२,०१५ | ८२,९७,५९९ | ८३,८२,८८६ | २१,२६,५३० | ० | ० | १,०५,०९,४१६ | १४,२५,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | १८,१५,७३,४११ | ० | १,११,५०५ | १८,१४,६१,९०६ | ० | २,०२,३२,०१५ | २०,१६,९३,९२१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ६२ | बढी भुक्तानी | ६,५०९ |
| **गत विगत वर्षको सम्परीक्षण** | | | | |
| १ | २०८०/८१ | ३.३ | वित्तीय विवरण परीक्षण | १,११,५०५ |
| जम्मा | | | | १,१८,०१४ |

# ढकारी गाउँपालिका, अछाम

# ( ८०७७२५०२३०० )

# ढकारी गाउँपालिका , अछाम

# परिचय

१

**(क) कार्यालय परिचय** - परिचय- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीयसरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारलेसञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीयसरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवाप्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा, २२७.८८ वर्गकिलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ अनुसार २१९९८ जनसंख्या रहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०४।२९ देखि २०८२।०५।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - नगरपालिकाको आय व्ययतर्फ रू. १ अर्ब ५ करोड २२ लाख २९ हजार ७४१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू. ८७२८। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| बैंकको नाम | मिति | भौचर नं. | प्रयोजन | रकम |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।४ | ८५८४६५५३ | पाठ्यपुस्तक (कालिका प्रा वि तिखान) | २९८५ |
| राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।४ | ८५८५५९१६ | पाठ्यपुस्तक (मालिका आ वि दाउनमोरा) | २४७८ |
| राष्ट्रिय वाणिज्य बैंक | २०८२।५।४ | ८५८५५९१५ | पाठ्यपुस्तक (कालिका मन्दिर आ वि सेरा) | ३२६५ |

२

## एकीकृत आय-व्यय

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु | २९४५३८११५ |
| | संचित कोष | १०७७६९७६ | २ | पूँजीगत | ८८२४५३९१ |
| | धरौटी खाता | ४२४९६७० | ३ | बित्तीय ब्यवस्थापन | ० |
| | प्रकोप व्यवस्थापन खाता | २०३२९ | ४ | धरौटी फिर्ता | १४५०२४५ |
| | विविध कोष (कल्याण कोष खाता) | ० | ५ | कोष खर्च | |
| | विविध खर्च खाता | ८८१३६२ | | विविध खर्च खाता | २२०७९५५ |
| २ | यस वर्षको धरौटी आम्दानी | २८१९६८५ | | प्रकोप व्यवस्थापन कोष | ७१२५ |
| ३ | आन्तरिक राजश्व आम्दानी | | | विविध कोष (कल्याण कोष खाता) | ० |
| | आन्तरिक राजश्व | ५३३५१७७ | ६ | मौज्दात | |
| | राजश्व बाँडफाँड - प्रदेश सरकार | २२३३४५१ | | संचित कोष | ७७२६१७८ |
| | राजश्व बाँडफाँड - संघीय सरकार | ९३०१५४३९ | | आन्तरिक खाता | ० |
| | अन्य आय | ० | | धरौटी मौज्दात | ५६१९११० |
| ४ | संघीय सरकारबाट प्राप्त अनुदान | | | विविध कोष (कल्याण कोष खाता) | ० |
| | वित्तीय समानीकरण अनुदान | ७६८०३१२० | | प्रकोप व्यवस्थापन खाता | १३२०४ |
| | सशर्त अनुदान | १६५३५००० | | विविध खर्च खाता | ९८६६१९ |
| | समपूरक अनुदान | ० | ८ | फिर्ता विवरण | |
| | विशेष अनुदान | ५०००००० | ९ | संघिय सरकार तर्फ | |
| ५ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | नेपाल सरकार सशर्त अनुदान चालु | १८४३८९२० |
| | वित्तीय समानिकरण अनुदान | ७०६७००० | | नेपाल सरकार आन्तारिक ऋण चालु | ० |
| | सशर्त अनुदान | १६५३५००० | | शसर्त पुजिगत | ० |
| | समपुरक अनुदान | ४३५३६५० | | शसर्त पुजिगत आन्तारिक ऋण | ० |
| 0 | विशेष अनुदान | ६५००००० | | विशेष अनुदान पुजिगत संघ | ० |
| ६ | विभिन्न कोष तर्फको आय | | १० | प्रदेश सरकार तर्फ | |
| | धरौटी खाता | ० | | प्रदेश शशर्त | २९२००० |
| | विविध कोष (कल्याण कोष खाता) | ० | | प्रदेश विषेश अनुदान | ० |
| | प्रकोप व्यवस्थापन कोष | ० | | प्रदेश समपुरक | ६२६२१० |
| | विविध खर्च खाता | ४१३१९२ | ११ | अन्तर सरकारी अख्तियारी | |
| ७ | विषयगत निकायबाट प्राप्त रकम | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम 370001143 | ४७५००० |
| | सडक बोर्ड नेपाल | १९०००१९ | | सामाजिक सुरक्षा 314010123 | १०२१७०८४२ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जिल्ला समन्वय समिति | ० | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम 370001144 | ३७००००० |
| | अनुदानमा आधारित कार्यक्रम | ० | | स्थानीय प्रमुख प्रशासकीय भवन 347021074 | १२०००००० |
| ८ | अन्तर सरकारी अख्तियारी | | | घरेलु तथा साना प्रर्वद्धन केन्द्र 307810143 | १०००००० |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम 370001143 | ४७५००० | | विद्यालय शिक्षा क्षेत्र योजना 350011013 | १३१४००० |
| | सामाजिक सुरक्षा 314010123 | १०२१७०८४२ | | | |
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम 370001144 | ३७००००० | | | |
| | स्थानीय प्रमुख प्रशासकीय भवन 347021074 | १२०००००० | | | |
| | घरेलु तथा साना प्रर्वद्धन केन्द्र 307810143 | १०००००० | | | |
| | विद्यालय शिक्षा क्षेत्र योजना 350011013 | १३१४००० | | | |
| | जम्मा | ५४०८१०९१४ | | जम्मा | ५४०८१०९१४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५०१४०५, यस वर्षको प्राप्ति रु.१४३१६३१८२, यस वर्षको भुक्तानी रु.१४३६६४५८७ र मौज्दात रु.५००।- फरक परेको छ । SuTRA मा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समावेश गरी म.ले.प.फा.नं.२७० ले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १५४२६४३३ | ३८१७१९३९४ | ३८२८०१२१६ | १४३४४६१२ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५९२८३३८ | ५२४८८२५७६ | ५२६४६५८०२ | १४३४५११२ |
| फरक | ५०१९०५ | १४३१६३१८२ | १४३६६४५८७ | ५०० |

३.३ पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१७२१०।- देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले उक्त रकम सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,२१० |

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छन्

•स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको,

•दीगो बिकास योजना (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य नभएको,

• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्ने वडालाइ आवश्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गरी जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाउने नगरेको,

•वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,

•जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• कन्टिन्जेन्सी खाता नराखेको,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली नवनाएको,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू नगरेको,

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

•वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले कार्यक्रम अनुसारको प्रगति भए नभएको सम्वन्धमा एकिन गर्न नसकिएको,

• साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार नगरेको,

•भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको,

•राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वियनमा ल्याएको नदेखिएको,

•अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वियन नगरेको,

•सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने नगरेको,

•खर्चका विलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको,

•सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८० दफा ७ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु नगरेको,

•इन्धनको विवरण प्रविष्ट सम्पत्ति व्यवस्थापन प्रणाली PAMS V२ मार्फत नगरेको

• आर्थिक वर्ष २०८१।८२ को तलवी प्रतिवेदन पारित नगरी रु.२७०४६१०१।०० तलब खर्च लेखेको,

• कर्मचारी कल्याण कोष स्थापना नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

५ **खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.५३३५१७७।३० राजस्व बाँडफाँड र अनुदानबाट रु.३७४३९८६३४।६३ समेत रु.३७९७३३८११।९३ आम्दानी भएकोमा चालु तर्फ रु.२९४५३८११४।६१ र पूँजिगत तर्फ रु.८८२४५३९१।- समेत रु.३८२७८३५०५।६१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.४० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.७२१३०००।- खर्च भएको छ जुन आन्तरिक आयको १३५.१९ प्रतिशत हुन आँउछ । पालिकाको कुल खर्च मध्ये

७६.९४ प्रतिशत चालु र २३.०५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माणका काममा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

## ६ कार्यक्रमगत प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूचि २ अनुसारको प्रगति विवरण तयार गर्नुपर्नेमा पालिकाले तय गरेका धेरै कार्यक्रममा शुन्य प्रगति गरेको छ। पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। शुन्य प्रगति भएका योजनाहरुको केही उदाहरण देहायअनुसार छन्:

| सि.नं | कार्यक्रम/आयोजना | विनियोजनरकम | खर्च रकम |
|---|---|---|---|
| १. | सैन बजार बुडासैन लाक्रेगडारिङ्गरोड नि.उ.स | ५०००००. | ० |
| २. | सडक बोर्ड संगको लागत साझेदारी | ४०००००. | ० |
| ३. | गा.पा समपुरक कोष | १००००००. | ० |
| ४. | गैर सरकारी सस्थाहरूसंको विकास लागत साझेदारी | ४०००००. | ० |
| ५. | भैपरी आउने विविध पूँजीगत खर्च | ५०००००. | ० |
| ६. | जबतमुहान काफलरुख खानेपानी मर्मत | १५००००. | ० |
| ७. | दुन्ता बालविकास केन्द्र फर्निचर खरिद | ५०,०००.०० | ० |
| ८. | जुकेपानी मुहान मुल्लो ठूलासेन खानेपानी निर्माण | १०००००. | ० |
| ९. | तल्लो ठुलासैन मुलपानी मर्मत तथा निर्माण | १०००००. | ० |
| १०. | नवदुर्गा मन्दिर निर्माण | १५००००. | ० |
| ११. | पुछेला गैराघर सिमाने खानेपानी निर्माण | १५००००. | ० |
| १२. | पञ्चेबाजा खरिद | २५००००. | ० |
| १३. | बुकाखोला खानेपानी मर्मत | ५०,०००.०० | ० |
| १४. | पतानखोला खानेपानी मर्मत | २५००००. | ० |
| १५. | मेशिनरी तथा औजार | ५०,०००.०० | ० |
| १६. | देवल देउतिबज्यै मन्दिर घेरापर्खाल निर्माण | १३००००. | ० |
| १७. | खानेपानी तथा सिंचाइको लागि पाइप खरिद | ५०,०००.०० | ० |
| १८. | पिरपले खानेपानी मर्मत | ५०,०००.०० | ० |
| १९. | घोडासैन स्वास्थ्य चौकी शौचालय मर्मत | ७०,०००.०० | ० |
| २०. | श्री त्रिपुरा सुन्दरी मा.वि रंगरोहन | ५०,०००.०० | ० |
| २१. | मेल्याखाल कालिकाथान मन्दिर निर्माण | २०००००. | ० |

## ७ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.८ करोड ८२ लाख ४५ हजारमध्ये चौथो त्रैमासिकमा रु.३ करोड २४

लाख ८२ हजार ( ३६.८१ प्रतिशत) र असार महिनामा मात्र रु.१ करोड ५८ लाख ७१ हजार (१७.९८ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा भएको कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने हुँदा स्वीकृत कार्यक्रम अनुसार समयमै पुँजिगत खर्च गर्नुपर्दछ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| कुल खर्च | ८८२४५ | ७९४० | २०८८९ | २६९२४ | ३२४८२ | १५८७१ |
| खर्च प्रतिशत | १०० | ९.०० | २३.६८ | ३०.५१ | ३६.८१ | १७.९८ |

## ८ क्षेत्रगत वजेट तथा खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **क्षेत्र/उपक्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७४,८२,०००.०० | ६४,३९,७२०.०० | ८६.०७ |
| २ | सामाजिकविकास | १९,३०,११,०००.०० | १७,१६,१८,४९०.३९ | ८८.९२ |
| ३ | पूर्वाधारविकास | ८,९३,६९,०००.०० | ७,५०,५६,२९१.०० | ८३.९८ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | ८६,६५,०००.०० | ८१,३४,२००.०० | ९३.८७ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३,४०,४२,९७५.७१ | १२,१५,३४,८०४.२२ | ९०.६७ |
| कुल जम्मा | | ४३,२५,६९,९७५.७१ | ३८,२७,८३,५०५.६१ | ८८.४९ |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ८६.०७ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ८८.९२ प्रतिशत, पूर्वाधारतर्फ ८३.९८ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रतर्फ ९३.८७ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ९०.६७ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ८६.०७ प्रतिशत मात्र खर्च रहेको देखिँदा विकासका लागि प्राप्त अनुदान सम्बन्धित क्षेत्रमा लगाई तर्जुमा भएका योजनाहरु कार्यान्वियन गर्नुपर्ने एवं कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा धेरै खर्च गरेकोले प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ ।

## ९ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म १९ ऐन, ७ नियमावली, ३ निर्देशिका, ३१ कार्यविधि, १ दिग्दर्शन, १ आचार संहिता, २ मापदण्ड, २ रणनीति, १ नीति र १ विधि निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वियन गर्नुपर्दछ।

## १० मध्यमकालीन खर्च संरचना

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामि तिन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस वर्ष मध्यमकालिन खर्च संरचना तयार गरेको छैन। आवधिक योजनाको समिक्षा गरी मध्यम अवधिको रणनीति तय गर्नुपर्ने तथा मध्यकालिन खर्च संरचनाका आधारमा वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।

## ११ योजना छनौट तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा अत्याधिक मात्रामा बजेट छुट्याएकोले साना तथा टुक्रे योजनामा सिमित वजेट विनियोजन गरी दीर्घकालिन उपलव्धी हाँसिल हुने, सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट लाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्षमा कार्यान्वियन भएका योजनाहरु निम्नानुसार रहेका छन।

| क्र श | विवरण | योजना संख्या | खर्च रकम रु हजारमा |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ५८ | ३४७० |
| २ | रु १ लाख देखि ५ लाख सम्मका योजना | ७६ | १९४३३ |
| ४ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २३ | १०५७० |
| ५ | रु १० लाख देखि ५० लाख सम्मका योजना | १३ | १३१०० |
| ६ | रु ५० लाख भन्दा माथिका | २ | १२५०० |
| | **जम्मा** | | ५९३७३ |

### १२ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यो बर्ष अन्य सार्वजनिक निर्माण तथा मर्मत कार्यक्रममा रु.१५,००,००० र भैपरी आउने पुंजिगत खर्च कार्यक्रममा रु.१५,००,००० समेत रु.३०,००,००० वजेट अवण्डा राखि रु.२०,००,००० खर्च लेखेको छ । उक्त कार्यक्रम सँग सम्बन्धित कुनै कार्यविधि तर्जुमा गरेको छैन । कानुनी आधार वेगर खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

### १३ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। कार्यपालिकाबाट गत आर्थिक वर्षको रु.१६५२९०१६। बजेट सभामा पेश गरि भुक्तानी दिएको विवरण पेश गरेको छ ।आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिएकोले ठूला तथा बहु वर्षीय योजना तर्जुमा गर्ने तथा कार्यक्रम समयमै सञ्चालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

### १४ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने व्यवस्था रहेकोमा गाउँसभावाट विभिन्न ३२ योजनावाट १ करोड ६३ लाख ९२ हजार रकम घटाएर नयाँ ३५ योजनामा रु १ करोड ६३ लाख ९२ हजारको कार्यक्रम संसोधन मार्फत रकमान्तर गरेको छ । असारमा वजेट तथा कार्यक्रम वनाउदा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण पटक पटक कार्यक्रम संसोधन भएको देखिन्छ। वजेट तथा कार्यक्रम तर्जुमालाई यथार्थपरक वनाई वित्तीय सुशासन कायम गर्नुपर्दछ।

### १५ तथ्यांक अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार

गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **मसलन्द तथा कार्यालय सामान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । पालिकाले कार्यालय सामानको लागि वडा तथा पालिकाको लागि जम्मा रु ३२०५०००।- विनियोजन गरेकोमा रु ३१९७१५०।- खर्च भएको पाइयो । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

१७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिका केन्द्र र वडा कार्यालयको विविधतर्फ चिया/खाजा/खाना लगायतमा यो बर्षको रु.२८८००००।- सभाबाट बजेटमा समावेश गरि खर्च लेखेको छ । जुन यस बर्षको आन्तरिक आयको ५३ प्रतिशत हुन्छ । आन्तरिक आयश्रोत सुदृढ नभएको अवस्थामा यस्तो सुविधा खर्च गर्दा थप आर्थिक व्ययभार परेको देखिदायस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१८ **अनुत्पादक तथा वितरणमुखि खर्च**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा कानुन तथा कार्यविधि वेगर पटके निर्णयका आधारमा देहायबमोजिम रु.१८ लाख ५० हजार अनुत्पादक तथा वितरणमुखि खर्च गरेको देखिन्छ। पालिकाको आन्तरिक आय ५३ लाख ३५ हजार मात्र रहेकोमा विकास निर्माण कार्यको लागि आउने वित्तिय हस्तान्तरणको रकमलाई यसप्रकार वितरणमुखी प्रयोजनमा खर्च गर्नु उचित देखिदैन। यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| १२८ | मेला व्यवस्थापन | २५०००० |
| विभिन्न | गर्भवतीसँग उपाध्यक्ष पोषण कार्यक्रम | १६००००० |
| | जम्मा | १८५०००० |

१९ **तलवी प्रतिवेदन**

सुदूर पश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४७, स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ स्थायी कर्मचारीको रु.१३८३१५८७।- र समानीकरण चालु पालिकातर्फ स्थायी कर्मचारीको रु.१२४९७५३०।- समेत रु.२६३२९११७।- बार्षिक तलबभत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता, ग्रेड भुक्तानी हुन सक्ने हुदा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२० **करार सेवा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित

कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाको २०८१ श्रावण महिनाको तलवि भरपाई अनुसार यस वर्ष इन्जिनियर १ जना, सव इन्जिनियर २ जना, असिस्टेन्ट सव इन्जिनियर ९ जना, अमिन १ जना, प्रशासन सहायक ५ जना, नेत्र सहायक १ जना र सहायक कम्प्युटर अपरेटर ४ जना गरि जम्मा १६ जना कर्मचारी करारमा राखि मासिक रु.४५५४६०।- का दरले वार्षिक रु.५९२०९८०।- खर्च लेखेको छ । कार्यालयले स्विकृत दरवन्दीमा प्रदेश लोक सेवा आयोगमा कर्मचारी माग गरी स्थायी पदपुर्ती गर्नुपर्दछ।

उपरोक्त करार कर्मचारीहरु मध्ये दरबन्दी बेगर देहाय बमोजिम पदमा सेवा करारमा राखी रु.८८९२१६।- भुक्तानी गरेको पाइएकोले दरबन्दी बेगरको खर्च लेखेको तलब, भत्ता रकम नियमसम्मत नदेखिएको रु.

| सि.नं | पद | कर्मचारीको नाम | जम्मा भुक्तानी रकम |
|---|---|---|---|
| १ | अमिन | चक्र बहादुर साउद | ४३७७२६ |
| २ | नेत्र सहायक | पुजा कुश्मी | ४५१४९० |
| | जम्मा | | ८८९२१६ |

| | |
|---|---|
| अनियमित भएको | ८,८९,२१६ |

२१ **पालिका शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। शिक्षक दरवन्दि मिलान तथा व्यवस्थापन कार्यविधि,२०७६ मा विधार्थी संख्याका आधारमा हिमाल पहाड तथा तराईका विद्यालयहरुमा तोकिएको विधार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान गर्नुपर्ने, शिक्षक दरवन्दी अपुग भएमा जिल्लामा पुल दरवन्दीमा रहेका अन्य स्थानीय तहवाट मिलान गर्नुपर्ने र सो गर्दा समेत अपुग भएमा प्रदेश मन्त्रालयको समन्वयमा प्रदेशभित्रका जिल्लाका पुल दरवन्दीवाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले गत विगत वर्षमा दरवन्दी मिलानका उल्लेखित प्रक्रियावाट विद्यार्थी अनुपातका आधारमा आवश्यकता अनुसार संघिय सरकारवाट प्राप्त दरवन्दी भन्दा करारवाट थप शिक्षक पदपुर्ती गरी पालिकास्तरवाट नै तलवभत्ता उपलव्ध गराउने गरी विभिन्न ३७ विधालयमा ११७ जना शिक्षक नियुक्त गरी चाडपर्व खर्च समेत रु.३,००,००,०००।– वित्तीय हस्तान्तरको समानिकरण शीर्षकवाट निकासा गरेको छ । पालिकाको आन्तरिक आय ५३ लाख ३५ हजार मात्र रहेकोमा दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठुलो मात्रामा करार नियुक्ति गरी तलव भत्ता खर्च लेख्नु उचित देखिदैन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरवन्दि मिलानका थप प्रक्रियातर्फ पहल गरि वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

२२ **अन्य शाखाबाट खरिदः**

आर्थिक कार्याविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ । वडा तथा अन्य शाखाको खरिदको नमुना छनौट गरीएकोमा वडा सञ्चालनको लागि आवश्यक सामग्री वडा सचिव तथा शाखा प्रमुख आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने, वडा र शाखाको छुट्टै जिन्सी खातामा प्रविष्टी गर्ने, दाखिलामा जिन्सी सम्बन्धी आवश्यक स्पेशिफिकेशन नखुलाई जिन्सी आम्दानी गर्ने र सोही बमोजिम कार्यालयले विल भुक्तानी गर्ने गरेको पाइयो । बजेट सञ्चालन गर्ने निकायवाट सामग्री खरिद गरी मुल जिन्सी अभिलेख PAMS मा चढाई हस्तान्तरण मार्फत् वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामान सहायक जिन्सी खातामा आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकीकृत जिन्सी अभिलेख तयार भएको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ।यसका केहि उदाहरण निम्नानुसार छन् –

| वडा नं | गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|---|
| ६ | १६२।२०८१-०९-२७ | न्यू षोडाशा ग्रिल तथा काष्ठ फर्निचर उद्योग | सोफा सेट, कार्पेट, कुसुम | ९१५३० |
| २ | १६२।२०८१।९।२७ | तिलक बहादुर भट्टराई | कार्यालय संचालनका विभिन्न समान खरीद | १२८००० |
| १ | १६७।९।२८ | कमल प्रसाद भण्डारी | कार्यालय संचालनका विभिन्न समान खरीद | १५०००० |
| ७ | १८३।२०८१।१०।९ | अष्टाशिद्धी सप्लायर्स<br>आरती पुस्तक पसल | कार्यालय संचालनका विभिन्न समान खरीद | १५५००० |

२३ **आर्थिक सहायता**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायत प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था रहेकोमा पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा औषधि उपचार सहायता शिर्षकवाट रु.४५००००।०० आर्थिक सहायता वितरण गरेकोमा आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, आर्थिक सहायता पाउने व्यक्तिको आर्थिक अवस्था एकिन नगरेको देखियो। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावलीको नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र २८ वटा सहकारी संस्था रहेकोमा २ सहकारी सस्था वाहेक अन्य सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला नगरेको र निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५ **PAMS को प्रयोग**

नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न ३ वटै सरकारले लागू गर्नुपर्ने गरी सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली PAMS प्रयोगमा ल्याएको छ। पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आंशिक रुपमा लागू गरेतापनि पुर्ण रुपमा लागु नगरेकोले मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। । यस प्रणाली पुर्ण रुपमा लागु गरी सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

२६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्नेमा निम्नानुसारको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. म्याद नाघेको | गत आ. व.सम्मको |
|---|---|---|---|---|---|---|
| १ | पदाधिकारी | | | | | |
| १ | ०४/०१/२०८१ | ७५ | अन्य सहायता | रत्नादेवी दमाई | ० | ५०,०००.०० |
| जम्मा | | | | | ० | ५०,०००.०० |
| २ | संस्थागत | | | | | |
| १ | ०४/०१/२०८१ | ५८ | गाउँपालिका भवननिर्माण | रविना/जुगल/कौशिकजे.भि | ० | ६९,६००.०० |
| २ | ०४/०१/२०८१ | ५८ | गाउँपालिका भवननिर्माण | रविना/जुगल/कौशिकजे.भि | ० | ४७,३२,०००.०० |
| ३ | ०९/१२/२०८१ | ९० | कालिका देवी मा.विखानेपानी निर्माण योजना | श्रीकालीका देवी माध्यामिक विद्यालय ढकारी -२ अछाम | १,००,०००.०० | ० |
| ४ | १०/२५/२०८१ | २४५ | सूचना प्रकाशन तथाप्रशारण खर्च | आर. जे. ट्वान्टी फोर मिडिया प्रा.लि. | २,००,०००.०० | ० |
| ५ | १२/२९/२०८१ | ३६४ | ढकारी गा.पा अन्धपथचलचित्र निर्माण | आर. जे. ट्वान्टी फोर मिडिया प्रा.लि. | ५,००,०००.०० | ० |
| जम्मा | | | | | ८,००,०००.०० | ४८,०१,६००.०० |
| ३ | उपभोक्तासमिति | | | | | |
| १ | ०४/०१/२०८१ | ५८ | बलाता बाट बेनिघाटग्रा.स मर्मत र नयाँ कट्टिङ्ग | बलाताबेनीघाट ग्रामिण सडक नि.उ.स | ० | ७,००,०००.०० |
| जम्मा | | | | | ० | ७,००,०००.०० |
| ४ | व्यक्तिगत | | | | | |
| १ | ०४/०१/२०८१ | ५८ | सहकारी भवन निर्माणअनुदान | विशालवि.क | ० | ८०,०००.०० |
| २ | ०४/०१/२०८१ | ७५ | इन्धन (कार्यालयप्रयोजन/पदाधिकारी) | इन्द्रबहादुर थापा | ० | ७०,०००.०० |
| ३ | ०४/०१/२०८१ | ७५ | शैक्षिक प्रर्वदनकार्यक्रम अन्तर्गत विधालय अनुदान (शिक्षक तलब) | इन्द्रबहादुर थापा | ० | ४०,०००.०० |
| ४ | ०४/०१/२०८१ | ७५ | सवारी साधन मर्मतखर्च | इन्द्रबहादुर थापा | ० | ७०,०००.०० |
| ५ | ०४/०१/२०८१ | ७५ | बीमा तथा नवीकरणखर्च | हर्कराजगिरी | ० | ३०,०००.०० |
| ६ | १२/०४/२०८१ | ३२६ | अन्य कार्यालयसंचालन खर्च | इन्द्रबहादुर थापा (इलेक्ट्रोनिक) | २५,०००.०० | ० |
| ७ | ०३/०१/२०८२ | ४७८ | घरभाडा | बमबहादुर बुढा | ६,००,०००.०० | ० |
| जम्मा | | | | | ६२५,०००.०० | २,९०,०००.०० |
| कुलजम्मा | | | | | १४,२५,०००.०० | ५८,४१,६००.०० |

| | |
|---|---|
| पेश्की | १४,२५,००० |

## २७ सवारी साधन मर्मत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने र सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा मर्मत आवेदन फारम म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ PAMS बाट तयार नगरी एक्जावेटर १, एम्बुलेन्स १, मोटरसाईकल ११, चार पाङ्ग्रे सवारी साधन(हाइलक्स) १ समेतको मर्मतमा रु.४४७६२४०।- खर्च लेखेको छ। नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सवारी साधानको किसिम | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| जे सि वि | एम ए डब्लु अर्थ मुभर्स प्रा लि | ९३५८०५ |
| हाइलक्स | माता मनकामना अटोपार्टस र नेपाल अटोपार्टस | १८७७५०५ |
| मोटरसाइकल मर्मत | विभिन्न फर्म | १६६२९३० |

## २८ इन्धन खर्चको मापदण्ड

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ बुदां नं.१३ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,तथा अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ सरकारी काममा सवारी साधन प्रयोग गरेकोमा इन्धन खर्चको रकम भुक्तानी गर्दा बिलका साथ खरिद आदेश र सवारी साधन प्रयोग गरिएको लगबुक म.ले.प.फा.नं.९०५ र PAMS मा समेत अभिलेख नराखी इन्धन कार्यालय प्रयोजन, एक्जाभेटर सञ्चालन, नयाँ सडकको ट्र्याक खोल्ने, सडक मर्मत ,एम्बुलेन्स सञ्चालन तथा पदाधिकारी इन्धन समेतको लागि रु.३५९९४२०।- खर्च गरेको छ । सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख नराखेकोले इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ सुधार हुनुपर्दछ।

| इन्धन खर्च किसिम | प्रयोग गर्ने सवारीको संख्या | खर्च रकम |
|---|---|---|
| इन्धन पदाधिकारी | पदाधिकारी ९ जना | ७००००० |
| इन्धन कार्यालय प्रयोजन | ११ दुइ पांग्रे सवारी, एम्बुलेन्स, हाइलक्स | २८९९४२० |

## २९ आर्थिक सहायता

पालिकाको आर्थिक सहायता कार्यविधि, २०७९ को परिच्छेद २ (ग) मा उल्लेख भएका गम्भिर प्रकृतिका रोगहरुको सूचीमा रहेको क्यान्सर पिडितलाई पालिकावाट आर्थिक सहायता अधिकतम रु.१० हजार देखि ३० हजारसम्म दिन सक्ने उल्लेख रहेकोमा उपरोक्त कार्यविधिमा उल्लेख भएको भन्दा बढी हुने गरी कार्यपालिका निर्णयवाट आर्थिक सहायता उपलब्ध गराएको देखिन्छ । आन्तरिक आम्दानी न्यून भएको र आफैले पारित गरेको नियम भन्दा बाहिर गई निर्णय गरी बढी रकम वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उदाहरणः

| सि.नं | रोगको प्रकृति | आर्थिक सहायता प्राप्त गर्नेको नाम | कार्यविधि अनुसार दिन सक्ने रकम | का.पा.निर्णयानुसार दिएको रकम |
|---|---|---|---|---|
| १ | क्यान्सर | हंसि बुढा वडा नं ३ | १० हजार देखि ३० हजार | १००००० |
| २ | क्यान्सर | परिमले सार्की वडा नं ४ | ,, | ४९२५० |
| ३ | क्यान्सर | रत्नकला शाही वडा नं ३ | ,, | ४९२५० |
| ६ | क्यान्सर | शेर बहादुर थापा वडा नं ६ | ,, | १००००० |

## ३० बैठक भत्ता

सुदुरपश्चिम सरकारवाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसुची १(क) मा उल्लेख भए अनुसारको सुविधा पाउने उल्लेख छ । उक्त अनुसूची अनुसार पदाधिकारी तथा सदस्यले पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) रु.३०००।– का दरले पाउनेमा प्रति महिना रु.३५००।–का दरले सुविधा भुक्तानी गरेको देखियो । ऐनले तोकिएको दरभन्दा वढी सुविधा भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| सि.नं | पदाधिकारीको नाम | भुक्तानी हुनुपर्ने बार्षिक रु | भुक्तानी भएको बार्षिक रु | वढी भुक्तानी करकट्टी पश्चात |
|---|---|---|---|---|
| १ | पार्वती कुमारी साउद | ३६००० | ४२५०० | ६४३५ |
| २ | इन्द्रा देवी साही | ३६००० | ४२००० | ५९४० |
| ३ | इन्द्रा देवि बुढा | ३६००० | ४२००० | ५९४० |
| ४ | इसरा साउद | ३६००० | ४२००० | ५९४० |
| ५ | हस्त बहादुर वि.क | ३६००० | ४२००० | ५९४० |
| ६ | लाल बहादुर कामी | ३६००० | ४२००० | ५९४० |
| | जम्मा | | | ३६१३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,१३५ |

### ३१ पदाधिकारी सुविधा

सुदुरपश्चिम सरकारवाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसुची १(क) मा उल्लेख भए अनुसारको सुविधा पाउने उल्लेख छ भने उक्त अनुसूचीको नोटको क्रम संख्या ५ मा इन्धन सुविधा लिने पदाधिकारीहरुले अनुसूचीको क्रम संख्या १३ बमोजिम यातायात खर्च सुविधा नपाउने उल्लेख छ । पालिका उपाध्यक्ष नेत्रकला देवी शाहीले मासिक रु.९०००।– का दरले इन्धन सुविधा बापतको रकम प्राप्त गरेको देखिन्छ भने भौ.नं ४७७-२०८२।३।१ वाट विभिन्न समयमा लैङ्गिक हिंसा, स्थानीय सेवा गठन संचालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, किसान सूचिकरण, विद्यालय पोषण कार्यक्रम, महिला हिंसा र वाल विवाह लगायत अन्य कार्यक्रमको विभिन्न स्थानमा उपस्थित हुन पटक पटक सवारी साधन (जीप) भाडामा लिई उपभोग गरेको पाइएकोले उक्त सवारी भाडामा भएको खर्च रु.४३००००।– ऐनले तोके भन्दा फरक गरी लिएको सुविधा खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,३०,००० |

### ३२ भत्ता वितरण खर्च

नेपाल सरकारले सामाजिक सुरक्षा लाभग्राहीको बैंक खातामा निकासा दिने गरी कार्यविधि व्यवस्थित गरी पालिकाबाट सिफारिस भए अनुसार EFT गरी लाभग्राहीको बैंक खातामा नै निकासा दिने र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको वडास्तरवाट नविकरण गर्ने व्यवस्था रहेको छ। नमुना छनोटको आधारमा परीक्षण गर्दा पालिकाले EFT मार्फत लाभग्राहीको खातामै भुक्तानी दिएकोमा अतिविकट वडामा पुनः सामाजिक सुरक्षा भत्ता वितरण गर्न वैकका कर्मचारी तथा पालिकाका कर्मचारी समेत वडामा उपस्थित भई वितरण गर्न र सामाजिक सुरक्षा भत्ता नविकरणको लागि खाना खाजा तथा गाडि भाडामा पालिकाको आन्तरिक श्रोतवाट रु १५६००० खर्च लेखेको छ। वैकवाट धेरै टाढा रहेका वडाहरुमा लाभग्राहीको सुविधाको लागि वैकका कर्मचारी लगेर भत्ता वितरण गरेको पालिकाले जनाएको छ। यस प्रकार खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

### ३३ गर्भवतीसँग उपाध्यक्ष कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने र उपलब्ध गराइने रकमको प्रभाव मूल्याङ्कनका साथै निरन्तर अनुगमन गरिनुपर्दछ। पालिका भित्रका ९ स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने गर्भवती आमाहरुको लागि पोषण तथा खाद्य सुरक्षाका लागि

बढीमा ८ पटक गर्भ जाँच गराउँदा प्रत्येक पटक जाँचको रु.१०००।– का दरले वर्ष भरिमा २७६ जना गर्भवती आमाहरुलाई रु. १६०००००।- वितरण गरेको देखिन्छ । पालिकाबाट वितरित उक्त रकमको लक्ष्य अनुरूप प्रभाव मूल्याङ्कन र उपयोग अवस्थाको निरन्तर अनुगमन हुनुपर्दछ।

३४ **विनियोजन भन्दा बढी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट वजेट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको लागी पालिकाले रु १० लाख विनियोजन गरेकोमा रु. २५ लाख खर्च गरेको छ। जुन विनियोजनको तुलनामा १५० प्रतिशत रकमान्तर गरी खर्च पश्चात सभावाट अनुमोदन गरेको छ। खेलकुद कार्यक्रममा विनियोजन रकमभन्दा अत्याधिक रकम खर्च भएकोमा सामग्री खरिद, खाजा खाना आदि खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन भने कार्यक्रममा खरिद गरिएको विभिन्न खेलकुद सामाग्रीहरु तथा कपडाहरुको जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन। वडास्तरमा समेत सोहि प्रकृतिका खेलकुद कार्यक्रमहरु सञ्चालन भएकोमा खेलकुद सामाग्रीको खरिदमा मितव्ययितता र पुन प्रयोगको लागि व्यवस्थापन गरेको छैन। पालिकाको आन्तरिक आय ५३ लाख २५ हजार मात्र रहेकोमा एकै कार्यक्रममा २५ लाख खर्च गर्दा खर्चको नर्म्स तथा मापदण्ड स्वीकृत गरी खर्च गरेको छैन। यसप्रकार कार्यक्रमको नर्म्स तथा खर्चको मापदण्ड वनाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३५ **फरक खर्च शीर्षक**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा कार्यपालिकाले सभावाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ बमोजिमको खर्च शीर्षकको वर्गिकरण र व्याख्या अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । ऐन र निर्देशिका विपरीत एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च गर्ने गरेकोले शीर्षक फरकपारी गरेको देहायको खर्च रकम नियमसम्मत नदेखिएको रु

| भौ.नं र मिति | विनियोजित शीर्षक | खर्च भएको कार्य | खर्च रकम |
|---|---|---|---|
| ३२८-२०८१।१२।७ | गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता तथा अन्य प्रतियोगिता | सोफा सेट, स्टिल दराज लगायत अन्य फर्निचरका सामान खरिद | १८४००० |
| ४५०-२०८२।२।२६ | आर्थिक सहायता तथा अनुदान | एसइइ परिक्षा व्यवस्थापन खर्च | १४०००० |
| ५१८-२०८२।३।१४ | सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च | सोलार प्यानल सेट सहितको व्याट्रि खरिद | ७३१६७० |
| ३१९-२०८१।११।२८<br>३५८-२०८१।१२।२६ | विविध खर्च | रोजगार सीप विकास र जीवन उपयोगी तालिम | ४२६००० |
| जम्मा | | | १४८१६७० |

| | |
|---|---|
| अनियमित भएको | १४,८१,६७० |

३६ **महंगी भत्ता**

अर्थ मन्त्रालयको च.नं १७१९ मिति २०७९।१।२१ को परिपत्र अनुसार करारतर्फका कर्मचारीलाई महंगी भत्ता दिन नमिल्ने उल्लेख भएकोमा निम्नानुसारका करार कर्मचारीहरुलाई परिपत्रमा उल्लेख भए भन्दा फरक गरि महंगी भत्ता भुक्तानी गरेकोले उक्त रकम असूल हुनुपर्ने रु.

| सि.नं | पद | नाम र थर | अवधि | महंगी भत्ता दर | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | विक्रम बोहरा | २०८१ श्रावण देखि कार्तिक सम्म | २००० | ८००० |
| २ | एम आइ एस अपरेटर | गोकुल कुँवर | २०८१ श्रावण देखि कार्तिक सम्म | २००० | ८००० |
| | जम्मा | | | | १६००० |

| असुल गर्नुपर्ने | १६,००० |
|---|---|

### ३७ असम्बन्धित खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययीतता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ। पालिकाले दशैमा घर फर्किने विद्यार्थीहरुको लागि नेपालगंज देखि ढकारी गाउँपालिकासम्म निशुल्क बस उपलब्ध गराई सो वापत भौ नं १७०-२०८१।९।१९ वाट रु.१२००००।- खर्च लेखेको छ। पालिकाको आन्तरिक आय न्यून भएकोमा वित्तिय हस्तान्तरणको रकमवाट यस प्रकारको खर्चमा नियन्त्रण गरी मितव्ययितता र आर्थिक अनुशासनको पालना गर्नुपर्दछ।

### ३८ प्राविधिक फिल्ड भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले फिल्डमा खटिइ कार्य गर्नुपर्ने प्राविधिक कर्मचारीहरुलाई अनुगमन तथा फिल्डमा खटिदाको दैनिक भ्रमण खर्चको सट्टामा पालिकाका ८ जना प्राविधिक कर्मचारीलाई मासिक तलबको २० प्रतिशतले रु.४२०९३०।- प्राविधिक फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

### ३९ चलचित्र निर्माण खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, मितव्ययीतता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर जे २४ न्यूज काठमाण्डौको सहकार्यमा छायांकन हुन लागेको नेपाली कथानक चलचित्र अन्धपथ (Mission amrika) निर्माण कार्यमा रु.१५०५०००।– आर्थिक सहयोग गर्ने गरी मिति २०८१।५।१८ मा सम्झौता गरेको देखिन्छ । पालिकाले अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा नाफाको उद्देश्य राखी व्यक्तिगत तबरवाट निर्माण हुने उक्त चलचित्रमा लगानी गर्नु उचित देखिएन साथै आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारी वाहेक अरु कसैले पनि वजेट खर्च गर्ने आदेश दिन वा खर्च स्वीकृत गर्न नहुने तथा नियम ३९(३) मा अधिकारप्राप्त अधिकारीवाट स्वीकृती गराई खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा उपरोक्त कार्यको लागि पालिका अध्यक्षले सम्झौता गरी भौ.नं ३६४।१२।२९ वाट रु.५ लाख पेश्की खर्च र भौ.नं ३८९।१।२४ वाट रु.४०००००।– बजेट खर्च लेखेको छ । अधिकारप्राप्त अधिकारीभन्दा अन्य पदाधिकारी तथा कर्मचारीले आर्थिक दायित्व सिर्जना गरी भुक्तानी गरेको खर्च नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | ४,००,००० |
|---|---|

### ४० अधिकार क्षेत्र बाहिरको कार्य

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारी वाहेक अरु कसैले पनि वजेट खर्च गर्ने आदेश दिन वा खर्च स्वीकृत गर्न नहुने तथा नियम ३९(३) मा सरकारी रकम खर्च गर्दा अधिकारप्राप्त अधिकारीवाट स्वीकृती गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। युवा तथा खेलकुद विकास समिति, ढकारीका अध्यक्षले राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगितामा प्रशिक्षकको भुमिका निर्वाह गर्ने गरी २०८१ पौष देखि फागुन महिनाको लागि प्रति महिना रु.३००००।– भुक्तानी हुने गरी खेलकुद प्रशिक्षकको पदमा बलराम भाटलाई करारमा नियुक्ती गरी भौ.नं ४२६-२०८२।२।८ वाट रु.९००००।– खर्च लेखेको देखिन्छ । यसरी अधिकारप्राप्त अधिकारीभन्दा अन्य कर्मचारीले आर्थिक दायित्व सिर्जना गरी भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ९०,००० |
|---|---|

### ४१ आदेश बेगरको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारीले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्न विल भरपाई संलग्न गर्नुपर्ने तथा उक्त खर्चको रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। मिति २०८०।९।

१९ गते देखि २७ सम्म ढकारी गाउँपालिका ३ मा संचालन हुने राष्ट्रपति सिल्ड प्रतियोगितामा युवा तथा खेलकुद विकास समिति र पालिकाका पदाधिकारी तथा कर्मचारी उक्त अवधि भर खटिए बापत तपसिलका कर्मचारीलाई भौ.नं २३-२०८१।६।१४ वाट रु.१३३९००।- दैनिक भ्रमण भत्ता भुक्तानी दिएको देखिन्छ। भ्रमण आदेश बेगरका कर्मचारीलाई भुक्तानी भएको उक्त रकमको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| सि.नं | नाम थर | पद | वुझिलिएको रकम |
|---|---|---|---|
| १ | टंक बहादुर साउँद | अध्यक्ष (खे.वि.स.) | १०००० |
| २ | जनक वि.क. | उपाध्यक्ष (खे.वि.स.) | १०००० |
| ३ | दिर्घ खड्का | सदस्य (खे.वि.स.) | ५२८० |
| ४ | पवित्रा कुमारी शाही | सदस्य (खे.वि.स.) | ८२५० |
| ५ | पुरन बहादुर थापा | सदस्य (खे.वि.स.) | ८२५० |
| ६ | पुष्प साउँद | सदस्य (खे.वि.स.) | ८००० |
| ७ | नभराज जैसी | सदस्य (खे.वि.स.) | ११००० |
| ८ | भरत नेपाली | सदस्य (खे.वि.स.) | ६६०० |
| ९ | आनन्द प्रसाद जैसी | सदस्य (खे.वि.स.) | ८२५० |
| १० | लक्ष्मण साह | नि.प्र.प्र.अधिकृत | ८८०० |
| ११ | टेक नारायण पोखरेल | शिक्षा अधिकृत | ११००० |
| १२ | विमल साउँद | लेखापाल | ८२५० |
| १३ | प्रकाश बहादुर सावद | सदस्य सचिव (खे.वि.स.) | ८२५० |
| १४ | लोकेन्द्र प्रसाद ढुंगाना | कम्प्युटर अपरेटर | ६६०० |
| १५ | खगा रेग्मी | प्रा.स | ६६०० |
| १६ | दान बहादुर कामी | का.स | ४४०० |
| १७ | पुर्ण बुढा | का.स | ४४०० |
| | जम्मा | | १३३९३० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३३,९३० |

४२ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा वाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचि २ मा उल्लेखित दरमा भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। पालिकाका सूचना प्रविधि अधिकृत बिक्रम बोहरालाई मिति २०८१।४।३० देखि ५।४ सम्म कार्यालयको काममा महेन्द्र नगर कंचनपुर जाँदा दैनिक भ्रमण भत्ता वापत रु.१००००।- भुक्तानी गरेकोमा निजको भ्रमण आदेशमा भ्रमण साधन सरकारी मोटरसाइकल प्रयोग गर्ने गरी स्वीकृत भएकोले निजको पेश गरेको दैनिक भ्रमण भत्ता विलमा रु.३८००।– भ्रमण खर्च दावि गरी भुक्तानी लिएकोले उक्त रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८०० |

४३ **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्नेमा कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु २३ लाख ४७ हजार खर्च लेखेकोमा अधिकांश भ्रमणको उद्धेश्यमा कार्यालयको कामकाज मात्र उल्लेख गरेको र अनुगमन तथा भ्रमणको प्रतिवेदन राखेको छैन । भ्रमण विल भुक्तानी गर्दा भ्रमणको उद्देश्य पुरा भए नभएको सम्वन्धमा एकिन गरी भ्रमण प्रतिवेदन तयार भएपश्चात मात्र भुक्तानी गर्नुपर्दछ।

४४ **औषधी उपचार खर्च**

सुदुरपश्चिम सरकारवाट जारी भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी (पहिलो संशोधन) ऐन, २०७६ को अनुसुची १(क) मा उल्लेख भए अनुसारको सुविधा पाउने तथा दफा १२ मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ । भौचर नं २५८-२०८१।११।१ वाट पालिका वडा नं ४ का वडा अध्यक्ष पहलवान थापालाई औषधी उपचार बापत रु.९२०००।– खर्च भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९२,००० |

४५ **खर्चको प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारीले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्न विल भरपाई संलग्न गर्नुपर्ने तथा उक्त खर्चको रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ। भौचर नं २१२-२०८१।१०।१५ वाट देहायका विद्यालयलाई अंग्रेजी माध्यममा शिक्षण गर्नका लागि विद्यालयको खातामा रकम निकासा गरेकोमा उक्त खर्चलाई पुष्ट्याइ हुने प्रमाण कागजात पेश नभएको हुँदा सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| सि.नं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | कालिका देवि मावि हिच्मा | १५०००० |
| २ | गुरुकुल मावि ढकारी | १५०००० |
| ३ | अष्टसिद्धि मावि ढुंगाचाल | १५०००० |
| ४ | विपि स्मृति आवि पैयासैन | १५०००० |
| | जम्मा | ६००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००,००० |

४६ **घर भाडा**

सार्वजनिक खरिद नियमावलीको परिच्छेद ९ मा सार्वजनिक निकायले घरजग्गा भाडामा लिने सम्वन्धमा व्यवस्था रहेको र सोहि व्यवस्था अनुसार सार्वजनिक निकायले वार्षिक ५ लाख भन्दा वढी रकमको घरजग्गा भाडामा लिँदा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको घरभाडा निर्धारण समितीको सिफारीसमा घरभाडा सम्झौता गरी भाडामा लिनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यस वर्ष विभिन्न ९ व्यक्तिसंग घरभाडा सम्झौता गरी वार्षिक रु.३००००००।- घरभाडा खर्च गरेको छ। पालिकाले प्रशासकिय भवन निर्माण गर्न वोलपत्र मार्फत मिति २०८१।३।३० मा सम्पन्न गर्ने गरी निर्माण कार्य गराएकोमा लेखापरीण अवधिसम्म उक्त भवन सम्पन्न भएको छैन । कार्यालय भवन समयमै सम्पन्न नभएको कारण सम्पन्न अवधि देखि हालसम्म करिब रु.३५०००००।– घरभाडा बापत व्ययभार परेको देखिन्छ ।सेवा प्रवाह प्रभावकारी हुन नसकेको, विषयगत शाखाहरुको समन्वयमा समेत समस्या हुने गरेकोले पालिकाले प्रशासकिय भवन निर्माण गरी सेवा प्रवाह प्रभावकारी वनाउनेतर्फ ध्यान दिनुपर्दछ।

४७ **लागत अनुमान**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने त्यस्तै नियमावलीको नियम ९ मा उल्लिखित कुराहरुको विचार गरी र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश मालसामान खरिद गर्दा लागत अनुमान तयारी एवं

स्वीकृति नगरी ३ वटा आपूर्तिकर्ताबाट खुला दरभाउपत्र लिई घटीवालाबाट सोझै खरिद गरेको पाईयो। खरिद कानुन बमोजिम लागत अनुमान स्वीकृत गरेर मात्र खरिद गर्नुपर्दछ। उदाहरणार्थ

| गो.भौ.नं., मिति | आपूर्तकको नाम | मालसामान | रकम |
|---|---|---|---|
| ३३६-२०८१।१२।१९ | न्यू मनकामना अर्डर एण्ड सप्लायर्स मंलगसेन | ल्यापटप ३ थान, डेक्सटप ४ थान, प्रिन्टर ५ थान | ७७५००० |
| ४३८-२०८२।२।१६ | गडतोला कम्प्युटर स्टोर धनगढी | डेक्सटप २ थान, प्रिन्टर १ थान, क्यामेरा १ थान | ३९२००० |
| ५१८-२०८२।३।१४ | न्यू जे.एम.वि अर्डर एण्ड सप्लायर्स नेपालगंज | १५० एएच व्याट्रि सहित सोलार प्यानल सेट, इन्भर्टर, प्रिन्टर | ७३१६७० |

४८ **छात्रवृत्ति**

कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ को उपक्रियाकलाप नं ४.२ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयका कक्षा १ देखि ५ सम्मका छात्रा तथा दलित छात्रलाई वार्षिक रू ४००। का दरले छात्रवृत्ती रकम अनुदान दिने व्यवस्था छ। देहायका विद्यालयका विद्यार्थीको छात्रवृत्ती भर्पाइ सम्बन्धित विद्यार्थीले नबुझि अन्य व्यक्तिले बुझेकोले सम्बन्धित विद्यार्थीले बुझेको भर्पाइ पेश हुनुपर्ने रू

| सि नं | वडा न् | विद्यालयको नाम | बुझेको रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | Gokul Basic School | ९६०० | २४ जना विद्यार्थीको छात्रवृत्ति रकम विद्यालयका प्रधानाध्यापकले बुझेको |
| २ | २ | Jalpa Devi Basic School | ९२०० | २३ जना विद्यार्थीको रकम राधिकाले बुझेको |
| | | | १८८०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,८०० |

४९ **प्राविधिक भत्ता**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को पृष्ठ १७ खण्ड २ को २.२ ले प्राविधिक धारमा कक्षा ९-१० तथा कक्षा ११-१२ मा कार्यरत प्रशिक्षक तथा सहायक प्रशिक्षकले प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र प्राविधिक भत्ता पाउने व्यवस्था रहेको छ। श्री गुरुकुल माध्यामिक विद्यालय ढकारीमा कार्यरत देहायका प्रशिक्षक तथा सहायक प्रशिक्षकलाई प्राविधिक भत्ता दिँदा उल्लेखित मापदण्ड भन्दा बढी निकासा गरेको भत्ता रकम असूल हुनुपर्ने रू.

| सि नं | दर्जा | शिक्षकको नाम | निकासा भएको वार्षिक भत्ता | पाउने भत्ता | बढी भत्ता |
|---|---|---|---|---|---|
| १ | प्रशिक्षक | अशोक भण्डारी | ३६००० | ३०००० | ६००० |
| २ | प्रशिक्षक | झपट प्रसाद जैसी | ३६००० | ३०००० | ६००० |
| ३ | प्रशिक्षक | तर्क बहादुर शाही | ३६००० | ३०००० | ६००० |
| ४ | प्रशिक्षक | सदानन्द जोशी | ३६००० | ३०००० | ६००० |
| ५ | सहायक प्रशिक्षक | पुरन बहादुर देउवा | ३६००० | ३०००० | ६००० |
| ६ | सहायक प्रशिक्षक | उद्दव रावल | ३६००० | ३०००० | ६००० |
| | | | | | ३६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

५० **कृषि तथा पशुमा अनुदान**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि,२०८१ अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनु पर्ने, जग्गाको स्वामीत्व हेरी अनुदान वितरण र अनुगमन गर्नु पर्नेमा पालिकावाट केही कार्यक्रममा मात्र अनुगमन भएकोले सम्पूर्ण कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्ने तर्फ सुधार गर्नु पर्दछ।यस वर्ष संचालित प्रमुख कार्यक्रम देहाय अनुसार छन्

| **भौ नं र मिति** | **विवरण** | **अनुदान रकम** |
|---|---|---|
| ६।०८१।०६।१६ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण कार्यक्रम | १,९०,५७५ |
| ११।०८१।०७।३० | ५० प्रतिशत अनुदानमा तरकारी विउ वितरण कार्यक्रम | ४९,१५५ |
| १६।०८१।१०।२४ | ५० प्रतिशत अनुदानमा कृषि सामाग्री वितरण कार्यक्रम | ९९,५०० |
| १७।०८१।१०।२४ | ५० प्रतिशत अनुदानमा विउ तथा विरुवा वितरण कार्यक्रम | ६१,००० |

५१ **किसान सूचीकरण**

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ अनुसार किसान पहिचान, सुचीकरण, वर्गीकरण तथा परीचय पत्र जारी गर्ने सम्वन्धी कार्य मन्त्रालयको वेभमा आधारीत रही स्थानीय तहमा कार्यान्वियन हुने व्यवस्था वमोजिम पालिकामा आर्थिक वर्ष २०७८।७९, २०७९।८० र २०८०।८१ मा किसान सुचीकरण गर्ने कार्य भएकोमा आर्थिक वर्ष २०८१।८२ मा निर्देशिकाको परिच्छेद ३ अनुसार वर्गीकरण र परीचय पत्र जारी गर्नु पर्नेमा सो नगरी रु १८३०००।को कम्प्युटर सामाग्री मात्र खरिद गरेकोले निर्देशिका अनुसार वर्गीकरण र परीचय पत्र जारी कार्यलाई सम्पन्न गर्ने तर्फ पालिकाले पहल गर्नु पर्दछ।

५२ **औषधी खरिद सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य वस्तु उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्नलिखित आपूर्तक फर्मबाट रु.४०२१७५०।- मूल्यका औषधि तथा औषधिजन्य वस्तु खरिद गरेकोमा निम्न व्यहोरा देखिएका छनः

| भौ.नं./मिति | खरिद विधि | आपूर्तक फर्मको नाम | भुक्तानी रु. |
|---|---|---|---|
| गा.पा. स्वास्थ्यतर्फ | | | |
| १६४-२०८१।९।२७ | कोटेशन | बुढिगंगा फार्मेसी | १४२००० |
| १७२-२०८१।१०।४ | कोटेशन | बुढिगंगा फार्मेसी | ६९६०० |
| २४८-२०८१।१२।१७ | कोटेशन | तारागंगा मेडिसन सप्लायर्स | १३९८००० |
| ३३३-२०८१।१२।१७ | कोटेशन | हाम्रो सर्जिकल हाउस | १७१००० |
| ४१२-२०८२।१।२६ | कोटेशन | आर आर मेडिटेक प्रालि | २१५४०० |
| ४१२-२०८२।१।२६ | कोटेशन | आर आर मेडिटेक प्रालि | ६००००० |
| ६२७-२०८२।३।२४ | कोटेशन | सुविसु मेडिसिन सप्लायर्स | ४३०७५० |
| संघीय शशर्त तर्फ | | | |
| ३२।०८१।०६।१८ | कोटेशन | यमन मेडिसेल्स | ९,९५,००० |
| | | जम्मा | ४०२१७५० |

• आपूर्ति भएका औषधिका उत्पादकले डब्लु.एच.ओ. बाट असल उत्पादन अभ्यास (Good Mfg. Practice) को प्रमाण-पत्र प्राप्त गरेको हुनुपर्नेमा सो सम्बन्धी अभिलेख तथा प्रमाण पेश नभएको,

• औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण संलग्न नभएको ।

• खरिद भएका औषधिको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको नदेखिएको ।

• आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेसिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।

• जिन्सी किताबमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

• औषधिको मौज्दात घटाउँदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(ख) विपरीत एउटै फर्मबाट एक पटकभन्दा बढी खरिद गरेको ।

अतः औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण गर्ने तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ५३ औषधि भण्डार परीक्षण

प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । त्यसै गरि सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औ प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा सुझावलाई कडाई साथ लागु गर्ने निर्णय समेत गरेको देखिन्छ । पालिकाले निशुल्क स्वास्थ्य कार्यक्रमका लागि खरिद गरेका अधिकांश औषधी हरुमा निशुल्क भन्ने लोगो लगाएको देखिएन। केहि उदाहरण निम्नानुसार छन्

| क्र.सं. | औषधीको नाम | कैफियत |
|---|---|---|
| १ | Paracetamol 500 mg | 'निशुल्क' लोगो नलागेको |
| २ | Ibuprofen 400 mg | 'निशुल्क' लोगो नलागेको |
| ३ | Amoxycillin 500 mg | 'निशुल्क' लोगो नलागेको |
| ४ | Zink sulphate 20 mg | 'निशुल्क' लोगो नलागेको |
| ५ | Hyoscine butylbromide | 'निशुल्क' लोगो नलागेको |

## ५४ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा यस वर्ष ५५५ थान न्यानो झोला प्रति झोला रु ८५९।४७ का दरले रु. ४,९९,२११।०० मा खरिद गरेकोमा यस वर्ष ३०८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ भने १७२ थान वर्थिङ सेन्टरमा रहेको र पालिकाको भण्डारमा ७५ थान मौज्दातमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।

## ५५ प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशका, २०७५ अनुसार स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा बाटो निर्माण लगायतका १३ निर्माण तथा मर्मतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८० जनालाई रोजगारी उपलव्ध गराई औषत १०० दिन सम्म रोजगारी उपलब्ध गराई कुल ज्यालामा रु. ५३ लाख ४४ हजार खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना गर्न तर्फ पालिकाले जोड दिनुपर्दछ।

५६ **लघु उद्यम विकास कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने ब्यवस्था छ। पालिकाले उक्त कार्यक्रम अनुसार भौ. नं ६२।०८१।९।१२ वाट विभिन्न प्रविधिहरु खरिद गरि उद्यमीलाई हस्तान्तरण गरेकोमा निको किसान एग्रो कन्सर्नलाई प्रविधि वापत विल अनुसारको शत् प्रतिशत रु. ६८२५० भुक्तानी गरेकोले २० प्रतिशत रकम सम्वन्धित उद्यमीवाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६५० |

५७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिष्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित सडक निर्माणसँग सम्बन्धित योजनामा उपभोक्ता समितिले मेशिन प्रयोग गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीमा भएको व्यवस्थाको कार्यान्वियन हुनुपर्दछ।केही उदाहरण देहाय अनुसार छन्

| उपभोक्ता समितिको नाम | कामको विवरण | वजेट | भुक्तानी रकम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| भकुन्डेगडा भैसिखर्क भलाने सडक | सडक निर्माण | १५०००००। | १४४००००। | १६९००७७। |
| स्याउले पत्साता डुफा सडक | सडक निर्माण | १००००००। | ९६००००। | १११८६६६। |
| मैका डाडा विक्रमा खण्ड वड्डाडुफा सडक | सडक निर्माण | १००००००। | ९६००००। | १२०००००। |
| नाटका गडयान राजिपानी साल्पाटा सडक | सडक निर्माण | १००००००। | ९६००००। | १२०००००।। |
| वासल्ला कृष्ण आ वि सडक | सडक निर्माण | ११०००००। | १०५६०००। | १२२९४४४। |

५८ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायीक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **खर्च रकम** |
|---|---|---|
| ढुङ्गाचाल्न स्वास्थ्य चौकी भवन निर्माण | भवन निर्माण | ३७०००००। |
| जि.पि. स्मृती भवन निर्माण | भवन निर्माण | २००००००। |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५९ **न्यूनतम दररेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ। तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

६० **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति मार्फत संचालित योजनाको लागत अनुमानमा उल्लेखित रकम भन्दा घटी कार्य मुल्यांकन भएको अवस्थामा पालिकाले अनुदान भुक्तानी गर्दा आनुपातिक कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ । उपभोक्ता समिति मार्फत गराएका निम्न निर्माण कार्य सम्झौतामा उल्लेख भएको भन्दा घटी कार्य मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा नगरेकोले देहाय अनुसारको बढी भुक्तानी रु.२६३४७४।असूल हुनुपर्ने रु

| उपभोक्ता समिति र काम | सम्झौता रकम | सम्झौता अनुसार भुक्तानी हुने रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| पताल वासल्ला विक्रमाखण्ड मैका डाडा वास्कोट | २३५७७९४ | १९२०००० | ७०५९३६ | ७०००० | १२५१४२ | पेश्की फछ्यौट गरेको |
| फाटावगर भलाने वाग्नी लोडेघाट भिरमोड वलाता | १४१३७२० | ११५२००० | ७६२९०४ | ७६०००० | १३८३३२ | कार्य सम्पन्न नगरि रनिङ विल मात्र भुक्तानी |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६३,४७४ |

६१ **भुक्तानीमा कर:**

: आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गरी दफा ९० बमोजिम राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले पताल वासल्ला विक्रमाखण्ड मैका डाडा वास्कोटको निर्माण कार्यमा उपभोक्ता समितीले पेश गरेको निर्माण व्यवसायीको विल रु ६२४७२१। भुक्तानीमा अग्रिम कर कट्टि नगरेको रु ९३७०। असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३७० |

६२ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-७** को निर्णयले रू **६,५०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३ **बढी मु.अ.कर भुक्तानी**

भौचर नं १२।२०८१।९।५(प्रदेश) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले भकुन्डेगडा भैसिखर्क भलाने सडक उपभोक्ता समितिले गरेको कार्यमा ओम श्री वन्डाली निर्माण सेवा प्रालि (विजक नं ५।२०८१।९।५ दर्ता नं ६०९९२७३६६) को विल पेश गरी दावी गरेको भुक्तानी रु ७५७७७०।मा रु ९८५१०। मू°अ° कर थप हुनेमा रु ११३२३०।थप गरि भुक्तानी दिएकोले बढी मु°अ° कर भुक्तानी रु १४७२०। असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,७२० |

६४ **उपभोक्ता समिति कार्यको बिमा**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११२ को ३(क) मा नियम ९७(क) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट वीस लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा वीमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति तथा लाभग्राही समुदायले उपनियम (१) बमोजिम वीमा गराउनुपर्ने तथा वीमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरीदिनुपर्ने व्यवस्था छ । परीक्षण गर्दा रु.२० लाख भन्दा बढी भएको कुनै पनि योजनामा वीमा गराएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्वारा गरिने निर्माण कार्यमा वीमा गराउने कार्यको लागि कार्यालयले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा वीमा गराउनु पर्दछ ।

६५ **ठेक्कामा भेहिकल**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० मा निर्माण कार्यसंग सम्वन्धित आइटमहरु मात्र समावेश गर्नुपर्ने र सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयमा निर्माण कार्यको विल अफ क्वान्टिटीमा सवारीसाधन, साइट अफिस भाडा, मेशिन उपकरणजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न र लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्देशन भएकोमा पालिकाले ठेक्का नं ७।२०७८।७९ का निर्माण व्यवसायी रविना जुगल कौशिक जे भि काठमाण्डौसग प्रमुख प्रशासकिय भवन निर्माण कार्यको लागि रु ७२८१४६७०।को ठेक्का सम्झौता मिति २०७८।१२।२४ को बि.ओ.क्यु.मा मा २ थान भेहिकल होन्डा एक्स आर १९० एलका लागि रु १३७३८००।को रकम व्यवस्था गरी छैटौ रनिङ विलमा खर्च दावि गरि भुक्तानी लिएकोमा उक्त सामानको दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,७३,८०० |

६६ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरिएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत् वा निर्माण व्यवसायी मार्फत् हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन। PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो नगरेको कारण गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन तसर्थ निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

६७ **विशेष अनुदान**

नेपाल सरकार अर्थ मन्त्रालय, विशेष अनुदान सम्वन्धी कार्यविधी २०८१ को दफा ९ को उपदफा २ मा विशेष अनुदान वापत प्राप्त रकम उपभोक्ता समिती मार्फत सञ्चालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाइने छैन भनि उल्लेख भएकोमा पालिकाले आमगाउ खानेपानी निर्माण योजनाको लागि प्राप्त रकम ठेक्का मार्फत नगरी समितीवाट गराइ रु ५००००००। खर्च लेखेको छ।कार्यविधीमा उल्लेखित व्यवस्था भन्दा फरक गरी कार्य गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५०,००,००० |

६८ **बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यमा प्रयोग गरिने मेशिन, औजार वा प्लान्टलगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चलगायतको समग्र जोखिम बहन गर्ने गरी निर्माण व्यवसायीले बीमा गर्नुपर्ने व्यवस्था छ।कार्यालयवाट भएका ठेक्का सम्झौतामा वीमा आइटम रकम राखे तापनि यस वर्ष भएका कुनै पनि ठेक्कामा वीमा गराएको पाइएन ।वीमा गराएर मात्र कार्य सम्पादन गराउनु पर्दछ।

६९ **ठेक्का रद्द**

ठेक्का नं २।२०८१।८२ तल्लो ठूलासैन देखि लोडेघाट सडक निर्माण कार्यको लागि रु ६७८७३२६।को लागत अनुमान स्वीकृत भएकोमा घटी कवोल गर्ने चक्र निर्माण सेवा प्रा लि को कवोल अंक रु १९९११२७। (७०।५५ प्रतिशत घटी) मिति २०८२।२।३० भित्र सम्पन्न गर्ने गरी मिति २०८१।१०।२० मा सम्झौता भएकोमा प्रथम रनिङ विल रु ५०००००।भुक्तानी पश्चात म्याद थप माग गरेकोमा २०८२।३।३० सम्म म्याद थप भएकोमा स्थानीय जग्गा धनि र सामूदायिक वन समितिको व्यक्तिहरुले अवरोध श्रृजना गरि थप रोड काटनको लागि अवरोध गरेकोले उक्त ठेक्का सम्झौता रद्द गर्न कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरेको आधारमा कार्यालयले २०८२।३।३० मा ठेक्का रद्द गरेको पाइयो । कार्यपालिकाले निर्णय गरेको प्रमाण पेश नभएकोले कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीलाइ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारसम्बन्धी व्यवस्था नअपनाई जग्गा विवादको कारण कार्यालयले ठेक्का सम्झौता रद्द गर्नु नियम सम्मत देखिएन।

७० **ठेक्का अभिलेख**

सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार निर्माण ठेक्का कार्यमा अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म०लेप०फा०नं०५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखमा गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतका विषयहरु अद्यावधिक गर्नुपर्नेमा कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

७१ **अधुरो ठेक्का**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त गर्न सक्ने, सो काम बापत राखिएको पूरै जमानत जफत हुने र बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

७१.१ पटक पटक म्याद थप : ठेक्का नं ९।२०७७।७८ १० शैया अस्पताल भवन निर्माणका निर्माण व्यवसायी धुलिखेल निर्माण सेवा प्रा. लि को कवोल अंक रू. ७६१७०५४१। मिति २०८०।६।१५ भित्र कार्यसम्पन्न गर्ने गरी २०७८।३।२२ मा खरिद सम्झौता भएकोमा पहिलो पटक २०८१।३।४ र दोश्रो पटक २०८२।३।३० सम्म म्याद थप भएको र तेश्रो रनिङ विल सम्म रू २६२६४९०९।(३४।४८ प्रतिशत) भुक्तानी पश्चात दोश्रो पटक थपिएको म्याद भित्र कुनै कार्य नगरेको कारण काम अधुरो रहेको देखिन्छ। समयमा कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीलाइ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ बमोजिम सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचारसम्बन्धी व्यवस्था अपनाई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

७१.२ समाप्त भएको पेश्की जमानत : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।धुलिखेल निर्माण सेवा प्रा. लि. ले कृषि विकास वैक लिमिटेडको अग्रिम वैक पेश्की जमानत लिइ पेश्की दिएकोमा लेखापरीक्षण अवधिसम्म कामको कार्यान्वयन नभएकोले नियमानुसार असुल फछ्यौट हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,५०,००० |

७२ **डि.पि.आर. खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डि.पि.आर.लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेकोमा प्रतिवेदनको कार्यान्वयन भएको पाइएन। प्रतिवेदनको कार्यान्वयन हुनुपर्दछ।

| भौचर नं र मिति | कार्य | परामर्शदाता | **खर्च रकम** |
|---|---|---|---|
| १२६।२०८१।१०।२० | ५ नं वडा कार्यालय भवन, वुडासैन क्रिकेट ग्राउण्ड र काप्डीमा फुटवल ग्राउण्ड | जय श्री वैजनाथ इन्जिनियरिङ सोलुसन प्रा.लि. | १९८३०००। |
| २७४।२०८२।३।२३ | फाटावगर भलाने भिमड र भकुन्डेगडा भैसिखर्क भलाने सडक | प्लानिभर्स इन्जिनियरिङकन्सल्ट्यान्ट प्रा लि | १८०००००। |

डि.पि.आर. सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन्

• बिमा नगरेको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१(७) मा परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व वीमा (प्रोफेसनल लायविलिटी ईन्सोरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । नियमावलीमा भएको व्यवस्था बमोजिम पेशागत दायित्व वीमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

• प्रतिवेदन दाखिला : डिपिआर प्रतिवेदनहरु दाखिला नगरेकोले दाखिला गर्नुपर्दछ।

## ७३ दोहोरो भुक्तानी

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २१ मा स्थानीय तहले ऐनको दफा १७ को उपदफा (३) बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा मिति २०७७।०७।२४ मा प्रकाशित अनुसूची-९ मा बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था वमोजिम देहायका नागरिकता नम्बर भएका लाभग्राहीलाई भुक्तानी भएको दोहोरो भत्ता एकिन गरी संघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| सि नं | सामाजिक सुरक्षाको किसिम | वडा नं | व्यक्तिगत नं | लाभग्राहीको नाम | नागरिकता नं | रकम | बैंक खाता नं | किस्ता | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Widow | 1 | 2042011511599 | Mana Sunar | 69-01-75-04878 | 7980 | 0790100009918033 | प्रथम देखि चौँथोसम्म | 31920 |
| २ | Widow | 3 | 2042011511631 | Mana Sunar | 69-01-75-04878 | 7980 | 0790100009919033 | प्रथम देखि चौँथो सम्म | 31920 |
| | | | | | | | | असुल गर्नुपर्ने | ३१,९२० |

## ७४ नदी जन्य पदार्थको ठेक्का

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ वमोजिम पालिका क्षेत्र भित्रको ढूङ्गा, गिटी, वालुवाको कर लगाउने उल्लेख भएकोमा यस आर्थिक वर्षमा पालिकाले वडा नं ६ मा पर्ने वेतन कर्णाली हाईड्रोपावर नजिकको घाटमा व्यक्ति राखेर प्रति टिप रु. १०५० का दरले नगदी रसिदवाट रु. १७८५००। राजस्व असुली गरेको छ । आईई. गरी ठेक्का मार्फत ढूङ्गा, गिटी, वालुवाको कर संकलन गर्नु पर्दछ।

## ७५ राजश्वको सफ्टवेयर सञ्चालन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२ अनुसार सफ्टवेयर सञ्चालन गर्दा महालेखा नियन्त्रक कार्यालयको स्वीकृती लिनुपर्ने व्यवस्था रहेकोमा स्वीकृती बेगर आन्तरिक आय संकलनका लागी सफ्टेक ईन्फोसिस प्रा. ली. काठमाडौं नामको सूचना प्रणाली प्रयोग गर्दै आएको छ। स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जोखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिदैन। त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै उक्त सफ्टवेयरको Source Code प्राप्त गरी सुरक्षा प्रणालीलाई व्यवस्थित वनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७६ **कर सङ्कलन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ४,००,००० | ३,६०,००० | ९० |
| भूमिकर मालपोत | १,००,००० | १,९३,००० | १९३ |
| बहाल कर | १,००,००० | २,५५,००० | २५५ |
| सिफारिस दस्तुर | ५,००,००० | ४,५१,००० | ९० |
| घठना दर्ता | ४,००,००० | २,८६,००० | ७१.५ |
| व्यवसायकर | १५,००,००० | १२,५७,००० | ८४ |
| अन्य | १०,००,००० | २५,३३,१७७.३० | २५३ |
| जम्मा | **४०,००,०००** | **५३,३५,१७७.**३० | **१३३** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा १३३ प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा थप बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

७७ **ढिलो दाखिला**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदयित्व ऐन, २०७६ को दफा २८ अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट सम्वन्धित राजश्व शिर्षकमा दाखिला नगरेको देखिन आएमा सम्वन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बांकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न सक्ने व्यवस्था छ। पालिकाले घुम्ती राजश्व संकलनका लागी बिशाल कार्कीलाई सि. नं. ०१ देखी ५० सम्मको नगदि रसिद दिएकोमा अन्तिम रसिद २०८१।८।२९ मा काटीएको र रसिद वापतको राजश्व रु. ५३२००। असार मसान्तमा मात्र दाखिला भएकोले ७ महिना ढिलो दाखिला भएको राजश्व रु. ५३२००। को दश प्रतिशतले हुने रकम सम्वन्धितवाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ५,३२० |
|---|---|

७८ **व्यवसाय कर**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ वमोजिम पालिका क्षेत्र भित्र व्यवसायकर लगाईने उल्लेख छ। यस पालिकाको कार्यक्षेत्रभित्र कुल ६१२ व्यवसाय दर्ता भएकोमा व्यवसाय कर मार्फत यस वर्ष रु. १२ लाख ५७ हजार राजश्व असुली भएको छ। न्युन राजश्व संकलन हुनुको कारण पहिचान गरी राजश्वको दायरामा बढोत्तरी गर्ने तर्फ पालिकाले जोड दिन आवश्यक छ

७९ **घरभाडा आम्दानी**

पालिकाले तर्जुमा गरेको आर्थिक ऐन, २०८१ वमोजिम कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, वर्कसप, गोदाम भाडामा लगाएमा १० प्रतिशत कर लगाईने उल्लेख छ । यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएका छन् एकीकृत लगत विवरण उपलव्ध हुन सकेन। घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन। बहाल कर वापत पालिकाले रु. २ लाख ५५ हजार असुल गरेको देखिएकोले पालिकाले घर नक्सापास मापदण्ड वनाई घरवहाल करलाई थप सशक्त वनाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : ढकारी गाउँपालिका, अछाम , ढकारी गाउँपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मण साह | २०७९-७-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विमल साउद | २०७७-९-१८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,३०४,१०८ | ८,३८२,८८६ | २,१२६,५३० | ० | ० | १,४२५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २०,२३८,५२४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,५०९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २०,२३२,०१५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५०४६९७५.६३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ९८३३८१२० | चालु खर्च | २९४५३८११४.६१ |
| प्रदेश सरकारबाट अनुदान | २८६०५६५० | पूँजीगत खर्च | ८८२४५३९१ |
| राजश्व बाँडफाँट | ९५२४८८९०.३४ | वित्तीय/अन्य व्यवस्था | १४३६८२२९६.८६ |
| आन्तरिक आय | ५३३५१७७.३ | | |
| अन्य आय | २९८२३६१००.७४ | | |
| कुल आय | ५२५७६३९३८.३८ | कुल खर्च | ५२६४६५८०२.४७ |
| बाँकी मौज्दात | | १४३४५१११.५४ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,७८,३६,२२०.११ | ० | ९,७८,३६,२२०.११ | ८,८७,९२,७३२.१२ | ० | ८,८७,९२,७३२.१२ |
| १३००० | अनुदान | | २७,९१,४८,६४०.३९ | ० | २७,९१,४८,६४०.३९ | २६,२४,२५,६७४.५८ | ० | २६,२४,२५,६७४.५८ |
| १४००० | अन्य राजस्व | | २५,९८,०५७.५३ | ० | २५,९८,०५७.५३ | ३२,४१,४१७.६७ | ० | ३२,४१,४१७.६७ |
| १५००० | विविध प्राप्ति | | १,६५,२००.०० | ० | १,६५,२००.०० | १०,३५०.०० | ० | १०,३५०.०० |
| क | कुल जम्मा प्राप्ति | | ३७,९७,४८,११८.०३ | | ३७,९७,४८,११८.०३ | ३५,४४,७०,१७४.३७ | | ३५,४४,७०,१७४.३७ |
| ३ | चालु | | २९,४५,३८,११४.६१ | ० | २९,४५,३८,११४.६१ | ३०,३८,९१,८१७.९२ | ० | ३०,३८,९१,८१७.९२ |
| २१००० | पारिश्रमिक / सुविधा | | १६,९४,६२,४३१.५२ | ० | १६,९४,६२,४३१.५२ | १३,३९,३७,२९९.३२ | ० | १३,३९,३७,२९९.३२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,०४,६१,६१८.०० | ० | ८,०४,६१,६१८.०० | ७,७१,५९,४२७.०० | ० | ७,७१,५९,४२७.०० |
| २५००० | सहायता (Subsidy) | | २,७०,४२,६५०.०९ | ० | २,७०,४२,६५०.०९ | ८,०८,१७,०९१.६० | ० | ८,०८,१७,०९१.६० |
| २६००० | अनुदान | | ८,९०,०००.०० | ० | ८,९०,०००.०० | १,१२,०००.०० | ० | १,१२,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,१९,०८,१६५.०० | ० | १,१९,०८,१६५.०० | ४३,१४,०००.०० | ० | ४३,१४,०००.०० |
| २८००० | अन्य खर्च | | ४७,७३,२५०.०० | ० | ४७,७३,२५०.०० | ७५,५२,०००.०० | ० | ७५,५२,०००.०० |
| ४ | पूंजीगत | | ८,८२,६३,१०१.०० | ० | ८,८२,६३,१०१.०० | ५,८४,६४,६५५.०० | ० | ५,८४,६४,६५५.०० |
| ३१११० | भवन तथा संरचना | | ८२,९६,६९०.०० | ० | ८२,९६,६९०.०० | ७७,५८,७३३.०० | ० | ७७,५८,७३३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५३,६२,९००.०० | ० | ५३,६२,९००.०० | ४९,६७,६००.०० | ० | ४९,६७,६००.०० |
| ३११३० | अन्य पूँजीगत | | १८,००,०००.०० | ० | १८,००,०००.०० | २८,९०,०००.०० | ० | २८,९०,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | ७,०८,२०,५११.०० | ० | ७,०८,२०,५११.०० | ४,२१,४८,३२२.०० | ० | ४,२१,४८,३२२.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | ७,००,०००.०० | ० | ७,००,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १९,८३,०००.०० | ० | १९,८३,०००.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ३८,२८,०१,२१५.६१ | | ३८,२८,०१,२१५.६१ | ३६,२३,५६,४७२.९२ | | ३६,२३,५६,४७२.९२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३०,५३,०९७.५८) | | (३०,५३,०९७.५८) | (७८,८६,२९८.५५) | | (७८,८६,२९८.५५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १९,७१,२७६.२१ | | १९,७१,२७६.२१ | -२०,१६०.५९ | | -२०,१६०.५९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | १७,२१०.०० | | १७,२१०.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (१०,८१,८२१.३७) | | (१०,८१,८२१.३७) | (७९,०६,४५९.१४) | | (७९,०६,४५९.१४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,५४,२६,४३२.९१ | | १,५४,२६,४३२.९१ | २,३३,३३,३९२.०५ | | २,३३,३३,३९२.०५ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा | | १,४३,४४,६११.५४ | | १,४३,४४,६११.५४ | १,५४,२६,९३२.९१ | | १,५४,२६,९३२.९१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।